# काठमाण्डौ इन्स्टिच्यूट अफ चाइल्ड हेल्थ (किओच)

हेपाली हाइट, बुढानिलकण्ठ — ७, काठमाण्डौ
फोनः ०१ ४३७०३७३, इमेलः info@kioch.org.np, वेबः kioch.org.np

बैंकिङ्ग सेवाका लागि प्रस्ताव आह्वानको सूचना
(ID: 68-2082/83)

## कार्य विवरण

यस काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थद्वारा सञ्चालित किओच-काठमाण्डौ बाल अस्पतालको सेवा शुल्क व्यवस्थापन प्रयोजनका लागि अस्पताल परिसर भित्र बैंकिङ्ग काउन्टर सेवा उपलब्ध गराउने सम्बन्धी कार्यको कार्य विवरण

**पृष्ठभूमिः**

देशमा बाल मृत्यूदर र बाल अपाङ्गता दरलाई न्यूनिकरण गर्ने र शहरभन्दा टाढा रहेका वा आर्थिक रुपमा विपन्न बालबालिकाहरूले समेत एकै थलोमा बहु-विशिष्टिकृत स्वस्थ्योपचार सेवा सहजताका साथ प्राप्त गर्न सकुन भन्ने उद्देश्यका साथ मुनाफारहित कल्याणकारी संस्थाको यस इन्स्टिच्युटले केन्द्रिय अस्पतालका रूपमा काठमाण्डौमा ५० शैया क्षमताको (क्रमशः २०० शैयामा स्तरोन्नतिहुने) किओच-काठमाण्डौ बाल अस्पताल सञ्चालन गरेको छ । यस अस्पतालमा हुने आर्थिक कारोवारलाई सहज र नियमित गर्नका लागि अस्पताल परिसरमा बैंकिङ्ग काउन्टर राख्नका लागि इच्छुक बैंकहरूबाट प्रस्ताव आह्वान गरिएको छ ।

**उपलब्ध गराउनु पर्ने सेवाहरूः**

- नगद काउन्टरः अस्पतालका सबै सेवा शुल्कहरूको नगद संकलनका लागि काउन्टर निर्माण तथा सञ्चालन
- शुल्क संकलन तथा २४ घण्टाभित्र अस्पतालको खातामा जम्मा गर्ने
- अस्पताल परिसरमा ATM Machine जडान

**यस प्रस्ताव अन्तरगतको बैंकिङ्ग काउन्टरबाट संकलन नहुने**

- बहिरंग टिकट तथा फार्मेसि विक्रि
- क्यान्टिन जस्ता अस्पताल सेवा वाहेकका सेवा वा Outsource गरिएका सेवाहरू
-

**प्रस्ताव पेश गर्ने अन्तिम मितिः**

- अस्पताल परिसर भित्र बैंकिङ्ग काउन्टर सेवा उपलब्ध गराउने सम्बन्धी कार्यको सूचना गोरखापत्र दैनिकमा प्रकाशित भएको मिति २०८२/१०/२२ बाट १५औं दिनको कार्यालय समय भित्र

**प्रस्ताव पेश गर्न योग्यताः**

- नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क बर्गका बैंक
- कम्तिमा एक अस्पतालमा काउन्टर सेवा उपलब्ध गराएको अनुभव भएको

** एक भन्दा बढी बैंक योग्य भएमा बैंकले इन्स्टिच्युटलाई पुऱ्याएको योगदानका आधरमा इन्स्टिच्युटले निर्णय गर्नेछ ।

यस सूचनाका सम्बन्धमा कुनै अस्पष्टता भएमा वा थप जानकारी आवश्यक परेमा काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ, हेपाली हाइट, बुढानिलकण्ठ-७, काठमाण्डौको प्रशासन शाखा सम्पर्क गर्न सकिनेछ ।